# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर ।

## विज्ञप्ति ।

मिति २०७९।०८।२१

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन २०४५, तथा परिषद् नियमावली २०५१ अनुसार प्रमाणपत्र/डिप्लोमा तह सम्मका कार्यक्रम संचालन/स्वीकृति दिने कानूनी अधिकार यस परिषद् समक्ष रहेकोमा यस परिषद् बाट सम्बन्धन/स्वीकृति नलिई केही शिक्षण संस्थाले विभिन्न कार्यक्रमहरूमा विद्यार्थी भर्ना आव्हान गरेको प्रति यस परिषद्को गम्भीर ध्यानाकर्षण भएको छ। प्रशिक्षार्थी, अभिभावक र सम्बन्धित सरोकारवालाहरूलाई परिषद् बाट सम्बन्धन/स्वीकृति नभएका शिक्षण संस्थामा भर्ना नगर्नु नगराउनु हुन अनुरोध छ । प्रचलित प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन २०४५, परिषद् नियमावली २०५१ विपरीत हुने गरी विद्यार्थी/प्रशिक्षार्थी भर्ना गरेको पाईएमा कानुन बमोजिम कारबाही हुने व्यहोरा यसै विज्ञप्ति मार्फत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सम्पर्क फोन. नं.: ०१ – ६६३०४०८